म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २४१ बिहीबार २९ चैत २०८० ने. सं. ११४४ चौलाथ्व 11 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बालमैत्री वातावरण बनाऔं**

बालबालिकालाई:

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## गुन्द्रुकलाई यसरी 'ब्रान्डिङ' गर्दैछन् हेटौंडाका महिला

निशा गुरुङ

हेटौंडा, २८ चैत/६ महिना अघिमात्रै हेटौंडा उपमहानगरका महिलाले गरेको सामूहिक गुन्द्रुक उत्पादन यतिबेला उदाहरणीय बन्दै गएको छ । गत अशोजदेखि सुरु गरिएको सामूहिक गुन्द्रुक उत्पादनलाई हेटौंडाका १२ जना महिलाटोलीले 'ब्रान्डिङ' गर्दैछन् ।



उनीहरुले उत्पादन गरेको गुन्द्रुकले सोमवार मात्रै सरकारी मान्यता पाएपछि त भनै हेटौंडामा गुन्द्रुकले छुट्टै चर्चा बटुल्न सफल भएको छ । हेटौंडा उपमहानगरपालिका-१२ घलेगाउँस्थित कञ्चनजंघा कृषि सहकारी संस्था लघु उद्यमी समूहले उत्पादन गरेको गुन्द्रुकलाई सोमवार हेटौंडास्थित खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालयले अनुज्ञापत्र दिइएको छ । सामूहिक साग खेती गरेर उत्पादन थालेको अर्गानिक गुन्द्रुकले बजारीकरणका लागि अनुज्ञापत्र प्राप्त गरेपछि अब बजारमा पठाउने तयारी गरिएको छ ।

करिव चार महिनाको परीक्षण र निगरानीपश्चात उपमहानगरको लगानीमा सञ्चालन गरिएको तालिमबाट उद्यममा लागेको साना व्यवसायीमध्ये गुन्द्रुक उद्योगले पहिलोपटक सरकारी गुणस्तरको मान्यता प्राप्त गरेको हो । स्थानीय सहर र जिल्ला बाहिर बिक्रीका लागि लैजान उद्यमी उत्साहित भएका छन् । उपमहानगरको लगानीमा सञ्चालन गरिएको तालिमबाट उद्यममा लागेका साना व्यवसायीमध्ये गुन्द्रुक उद्योगले पहिलोपटक सरकारी गुणस्तर मान्यता प्राप्त गरेको जनाइएको छ ।

अनुज्ञापत्र प्राप्त गरेसँगै जिल्लाभित्र र बाहिर बिक्रीका लागि बाटो खुलेको हो । गुन्द्रुक बजारीकरणमा उपमहानगरपालिकाले सहयोग गर्ने नगरप्रमुख मीनाकुमारी लामाले बताइन् । उद्यमी समूहलाई अनुज्ञापत्र हस्तान्तरण गर्दै उनले हेटौंडा बजार सहित अन्य सम्भावना भएका बजारमा गुन्द्रुक बजारीकरणका लागि सहयोग गर्ने प्रतिबद्धता जनाइन् । लामाले होटल व्यवसायीसँग छलफल गरेको बताउँदै मासिक १ हजार २ सय किलो गुन्द्रुक जिल्लाकै होटलमा खपत हुने गरेको जनाइन् ।

### यसरी सुरु गरिएको थियो गुन्द्रुक उत्पादन

उपमहानगरको गत असोजमा गरिवी निवारण समिति र लघुउद्यमी विकाससम्बन्धी ३० जना महिलालाई तालिम दिइएको थियो । सोही तालिममा सहभागी हेटौंडा-१२ का महिलाले पनि गुन्द्रुक बनाउने तालिम लिएका थिए । तालिम लिएपश्चात उनीहरुले सामूहिकरुपमा हेटौंडा उपमहानगरकी मेयर लामासँग प्रत्यक्ष भेटेर आफूहरुले पनि केही व्यवसाय गर्ने तयारी गरेको सुनाएपछि लामाले सहयोग गर्ने प्रतिवद्धता जनाइन् ।

सोहीअनुरुप गत असोजमा सम्झौता गरेर उनीहरुले मंसिरबाट उपमहानगरको १ लाख रुपैयाँबाट अर्गानिक साग उत्पादन गरी गुन्द्रुक बनाउन थालेको उद्यमी समूहकी अध्यक्ष चिनीमाया गुरुङले बताइन् । अध्यक्ष गुरुङले उपमहानगरको १ लाख रुपैयाँ र सहकारीको ८० हजार रुपैयाँबाट १५ कठ्ठा जमिन भाडामा लिएर साग लगाई गुन्द्रुक उन्पादन थालेको बताइन् । गुन्द्रुक उत्पादन गर्ने उद्यमी समूलाई गैरसरकारी संस्थाले पनि आवश्यक सामग्री ड्रम, पाइप, त्रिपाल वितरण गरिएको बताइन् ।

गुन्द्रुक उत्पादन गरेको छोटो समयमै उनीहरुले हालसम्म १ लाख ७० हजार रुपैयाँबराबरको गुन्द्रुक विक्री गरिसकेको अध्यक्ष गुरुङले बताइन् । 'हामीले जमिन भाडामा लिएर जापानिज मस्ताज भन्ने साग लगाएर उत्पादन गरेका थियौं । जुन साग नफूल्ने खालको साग हो अध्यक्ष गुरुङले भनिन्, 'अब सागको सिजन नभएको कारणले सदाबहार हुने तोरीका साग लगाएका छौं ।,'

गुन्द्रुकको प्रतिकेजी ४ सय रुपैयाँमा विक्री गर्ने गरेको उद्यमी समूहकी कोषाध्यक्ष देवी खड्काले जानकारी दिइन् । अनुज्ञापत्र नहुँदा बजारमा लैजान नपाएर गाउँमै अहिले करिब ३ लाख रुपैयाँबराबरको गुन्द्रुक घरमै राखेको उनले जानकारी दिइन् । अब सरकारी मान्यता पाइसकेपछि यो समस्याको समाधान भएको खड्काले बताइन् ।

हेटौंडा उपमहानगरकी मेयर लामाले उत्पादन भएको गुन्द्रुकको बजारीकरणमा उपमहानगरले सहयोग गर्ने बताएकी छन् । उनले हेटौंडा बजारसहित अन्य सम्भावना भएका क्षेत्रमा गुन्द्रुकको बजारीकरणका लागि सहयोग गर्ने प्रतिबद्धता जनाइन् ।

## मेयरकप: ६ र १३ नम्बर वडा दोस्रो चरणमा

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ हेटौंडामा जारी मेयरकप फुटबल प्रतियोगिता-२०८० अन्तर्गत् बुधबार भएको खेलमा विजयी हुँदै हेटौंडा वडा नम्बर ६ र १३ दोस्रो चरणमा पुगेको छ ।

हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा जारी प्रतियोगितामा हेटौंडा-६ ले १८ नम्बर वडालाई र हेटौंडा १३ ले १९ नम्बर वडालाई पराजित गर्दै अघिल्लो चरणमा स्थान सुरक्षित गरेका हुन् । निकै प्रतिस्पर्धात्मक खेलमा हेटौंडा ६ को जीतमा सुरज स्याङ्तानले दुई गोल गरे । उनको दुई गोलको मदतमा ६ नम्बरले अघिल्लो चरणको यात्रा तयगरेको हो ।

उनी खेलको म्यान अफ दी म्याच घोषितहुँदै केल्मीको तर्फबाट पुरस्कार प्राप्त गरे । १८ नम्बरले एक गोल आत्मघाती गोल प्राप्त गरेको थियो । खेलमा १८ नम्बरले प्राप्त पेनाल्टी सदुपयोग गर्न नसक्दा हार व्यहोर्न बाध्य भयो । नगर खेलकुद विकास समिति हेटौंडाको आयोजनामा जारी प्रतियोगितामा हेटौंडा-१३ को जीतमा एकमात्र निर्णायक गोल स्यामुएल सुनुवारले गरे ।

उनले खेलको अन्तिम मिनेटमा गरेको गोल नै निर्णायक सावित भएको थियो । उनी खेलको म्यान अफ दी म्याच घोषित भए । उनले केल्मीको तर्फबाट आकर्षक उपहार प्राप्त गरे । प्रतियोगित अन्तर्गत् विहीबार हेटौंडा-१ र ४ तथा १४ र ७ नम्बर वडावीच प्रतिस्पर्धा हुनेछ । खेलको विजयी टोलीले अन्तिम चारमा स्थान सुरक्षित गर्नेछन् ।

## बागमतीलाई ९ स्वर्णसहित १६ पदक

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ चितवनमा जारी प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकुद प्रतियोगितामा बागमती प्रदेशले उत्कृष्ट प्रदर्शन गरिरहेको छ । बागमतीले करातेमा ९ स्वर्णसहित १६ पदक हात पारेको छ ।





करातेमा बागमती प्रदेश प्रथम भएको हो । चितवनको औद्योगिक प्रदर्शनी केन्द्रमा भएको तेक्वान्दो र कराते प्रतियोगिता बुधबार सकिएका छन् । करातेको दुई विधा काताङ र कुमुते अर्थात् फाइटमा ९ स्वर्ण ३ रजत र ४ काश्य पदकसहित १६ पदकका साथ बागमती प्रदेश प्रथम भएको छ । ४ स्वर्ण ३ रजत र २ काश्य पदकसहित कुल ९ पदकका साथ लुम्बिनी प्रदेश द्वितीय भयो भने ३ स्वर्ण २ रजत र ५ काश्यपदक सहित १० पदकका साथ सुदूरपश्चिम प्रदेश तृतीय भयो ।

कोशी प्रदेशले एक स्वर्ण ६ रजत र ६ काश्यपदक सहित कुल १३ पदक जित्न सफल भयो भने कर्णालीले एक स्वर्ण, ५ काश्य पदकसहित ६ पदक हात पार्यो । गण्डकीले एक रजत र ५ काश्यपदक पदकसहित ६ पदक, मधेश प्रदेशले पनि १ रजत र ७ काश्य पदकसहित ८ पदक जित्न सफल भयो । विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का पूर्वसदस्यसचिव एवम् करातेका अध्यक्ष युवराज लामा, बागमतीका सांसद इश्वर सापकोटा, प्रदेश खेलकुद विकास परिषद् बागमतीका सदस्यसचिव सूर्य भण्डारीले पुरस्कार वितरण गरे ।

## प्रदेशप्रमुख शर्माद्वारा 'ईद' को अवसरमा शुभकामना

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले बिहीबार इस्लाम समुदायमा मनाईंदै गरिएको ईद पर्वका अवसरमा शुभकामना व्यक्त गरेका छन् ।

शुभकामना सन्देश जारी गर्दै प्रदेशप्रमुख शर्माले इस्लाम धर्मका अनुयायीहरुमा सुख, शान्ति एवम् सुवास्थ्यका लागि शुभकामना व्यक्त गरेका छन् । 'ईद ऊल फित्रको यस सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली इस्लाम धर्मका अनुयायी दाजुभाइ-दिदीबहिनीहरुमा सुख, शान्ति एवम् सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । ईद मुवारक भन्न चाहन्छु ।,' प्रदेशप्रमुख शर्माको शुभकामना सन्देशमा उल्लेख छ ।

शुभकामना सन्देशमा प्रमुख शर्माले हाम्रो देश बहुजातीय, बहुभाषिक र बहुधार्मिक एवम् बहुसांस्कृतिक विविधतायुक्त रहेको भन्दै भौगोलिक विविधता अनुसार कला, संस्कृति र परम्पराहरु पनि बहुआयामिक भएको उल्लेख छ । प्रमुख शर्माको सन्देशमा हिन्दु, बौद्ध, इस्लाम तथा इसाई मतावलम्बीबीच उच्चस्तरीय सहिष्णुता कायम रहेको जनाइएको छ ।





Avocado And Orchid Resort Pvt. Ltd.

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure

**ADMISSIONS OPEN FOR 2081**
**From Nursery to Grade 9**



**Scholarships**
a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

**HETAUDA ACADEMY**
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

App Store
Google Play

**ENTRANCE**
4 Baisakh 2081

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# विद्यालयमा पढ्दै कमाउँदै

कुनै समयमा गुरुकूल शिक्षा पद्वति थियो । गुरुलाई नमस्कार होइन साष्टाङ्ग दण्डवत गरिन्थ्यो । समयकाल परिवर्तनसँगै गुरुकूलबाट कक्षाकोठामा अध्ययन गर्ने ब्यवस्था कायम भयो । पछिल्लो समयमा भयरहित शिक्षामा जोड दिइयो । जतिबेला शिक्षकको डरत्राश विद्यार्थीमा रहन्थ्यो त्यतिबेलासम्म विद्यार्थी अनुसाशित थिए । पछिल्लो समयमा विद्यार्थीमा अनुसाशन पटक्कै छैन र शिक्षकले पनि शिक्षकको कर्तब्य निर्वाह गर्न छाडेका छन् । यसो हुँदै गर्दा अभिभावकलाई आफ्नो नानीबाबुले सयमा सय अंक ल्याएको मन पर्न थाल्यो । जीवनउपयोगी सीपको भन्दा लब्धाङ्कपत्रको अंकको महत्व बढ्दै गयो र शिक्षा बेकारको चिज जस्तै बन्न पुग्यो । भनिन्छ समाज जटिलताबाट सरलतातिर अघि बढ्छ । तर, शिक्षा सरलतातिरबाट जटिलतातिर अघि बढिरहेको छ । स्नात्तक तह प्रथम श्रेणीमा उत्तीर्ण गरेको कतिपय विद्यार्थीलाई घरमा खाना पकाउन आउँदैन । बजारमा दैनिक उपभोग्य बस्तु खरिद गर्न जान्दैनन् । आफन्त, नातागोता, पाहुनापासा आएको समयमा सत्कार गर्न जानेका छैनन् । कागजरुपी प्रमाणपत्रमा 'ए प्लस' ल्याएको छ तर, ब्यवहारमा सून्य अंक आउने अवस्था छ । १२ कक्षा उत्तीर्ण गर्नेबित्तिकै औषत भन्दा राम्रा विद्यार्थी एनओसीका लागि लाइनमा बस्छन् र औषतभन्दा कमजोर विद्यार्थी खाडी मुलुकका लागि लाइनमा बस्छन् । यो अवस्थाको अन्त्य गर्न सरकारले शिक्षा प्रणालीमा आमूल परिवर्तन गर्न जरुरी छ ।

२०२८ को शिक्षा ऐन देखाएर अव चल्नेवाला छैन । ऐन संशोधनले काम गर्दैन । पूरै संरचनागत परिवर्त आवश्यक छ । बागमती प्रदेशका सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम संचालन हुन थालेको छ । यो थालनी मात्रै हो । यसमै सन्तुष्ट हुने अवस्था भने पटक्कै छैन । प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गतको शिक्षा विकास निर्देशनालय हेटौंडाले चालु आर्थिक वर्ष २०८०/८१ मा लागु गरेको यो कार्यक्रम प्रभावकारी बन्दै गएको समाचार आएको छ । थालनी भर्खरै हुँदैछ, अहिले नै प्रभावकारी भयो भनेर मख्ख पर्ने अवस्था छैन । चालु आवको माघ महिनाबाट लागु भएको कार्यक्रम हाल प्रदेशका १३ वटा जिल्लाका ३० वटा विद्यालयमा सुरु भएको शिक्षा विकास निर्देशनालयले जानकारी दिएको छ । कार्यक्रमले विद्यार्थीमा उत्साह बढाउनुका साथै ड्रपआउट हुने समस्याको पनि अन्त्य भएको भनिएपनि साच्चै ड्रपआउट अन्त्य भएको छैन । कक्षा १० को एसइइमा परीक्षा दिन आबेदन दिएका ३७ हजार परीक्षार्थीले परीक्षा दिएनन् । गत मंसिरमा परीक्षा फर्म भरेका विद्यार्थी चैतमा भएको परीक्षासम्म आइपुग्दा ३७ हजार जना परीक्षामा अनुपस्थित हुने समस्या चानचुने समस्या होइन । सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रमले विद्यार्थीमा उत्साह बढ्नु सानो एउटा उपलब्धी मान्न सकिएला । तर, अहिले १० कक्षा पढ्दै गरेको विद्यार्थी बाबुआमाले खेतमा धान रोपेको ठाउँमा अर्थात खेतको गरामा टेक्दैन । आलीसम्म पुग्ने मात्र हो । माटोमा कुल्चन उसलाई मन लाग्दैन । हामीले यही जनशक्ति उत्पादन गर्न खोजेका थियौं र ?

विद्यालयमा सिक्ने र त्यही सीपलाई कमाउने बाटोमा रुपमान्तरण गर्दै जाने सिकाई आवश्यक छ । प्रदेशका थप विद्यालयमा पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गर्ने तयारीमा लागिको प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको 'ड्रिम भिजन' का रुपमा तयार पारिएको कार्यक्रम हो । यो कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को दफा ४ (३) बमोजिमको आधार पूरा गरेका सामुदायिक माध्यमिक विद्यालयलाई छनोट गरेर कार्यक्रम सञ्चालन गरिएको बताइएको छ । शिक्षा व्यवहारिक र जीविकोपार्जनसँग जोड्ने उद्देश्यले प्रदेशका विद्यालयमा निर्देशनालयले कूल एक करोड ८१ लाख रुपैयाँ खर्च गरेर विद्यालयका विद्यार्थीलाई जीविकोपार्जनमा जोड्ने गरी कार्यक्रम सञ्चालन गरिएको जानकारी दिएको छ । कार्यक्रमका लागि प्रतिविद्यालयले ६/६ लाख रुपैयाँ पाउनेछन् । कार्यक्रमका लागि छनोट भएका विद्यालयलाई पहिलो किस्ताबापत शिक्षा निर्देशनालयले २/२ लाख रुपैयाँ उपलब्ध गराइएको बताइएको छ । विशेषगरी विद्यार्थीलाई कृषि र प्रविधिसँग जोड्ने कार्यक्रमका लागि लगानी गर्ने र त्यसबाट भएको आम्दानीको ५० प्रतिशत विद्यालयको कोषमा राख्ने र ५० प्रतिशत विद्यार्थीलाई उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गरिएको छ । सामुदायिक विद्यालयले विद्यार्थीलाई कृषि र पशुपालनसँग सम्बन्धित काम गराउनका लागि सहज हुने र यसै कार्यक्रममा पनि जोड दिइएको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत ३० गते शुक्रबार १२ अप्रिल २०२४ । चतुर्थी चैत शुक्लपक्ष । चौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४४, सूर्यास्त ६:२७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शुभ समाचार मिल्नेछ | तुला | : सभा-समारोहमा अवसर मिल्नेछ |
| वृष | : व्यापार लाभप्रद रहनेछ | वृश्चिक | : आत्मविश्वासमा कमी आउनेछ |
| मिथुन | : सन्तानको चिन्ता बढ्नेछ | धनु | : व्यापारमा हानि हुन सक्नेछ |
| कर्कट | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | मकर | : समाजमा सराहना हुनेछ |
| सिंह | : रोकिएका काम सम्पादन हुनेछन् | कुम्भ | : मन प्रसन्न रहनेछ |
| कन्या | : पठन-पाठनमा प्रगति हुनेछ | मीन | : विरोधी परास्त हुनेछन् |

# घुस्याहा कर्मचारीका नयाँ शैली, सुशासनलाई चुनौती



✍ सागर पण्डित

नेपालमा सरकारी निकायमा रहेका कर्मचारीहरुले घूस खाने विषय खासै नयाँ होइन । पाएसम्म अधिकांशले अतिरिक्त रकम याने कि घूस खान र लिन छोड्दैनन् भन्ने तथ्य जगजाहेर नै छ । नेपालमा सुशासनको प्रमुख बाधकमध्ये एक हो यी घुस्याहा कर्मचारी । सबैभन्दा बढी भ्रष्ट त राजनीतिक नेतृत्व नै छ । राजनीतिक नेतृत्व इमानदार, पारदर्शी र घूस नखाने स्वभावका भए भने कर्मचारीहरुले पनि घूस खान सक्दैनन् । राजनीतिक नेतृत्व भ्रष्ट हुँदा कर्मचारीहरु पनि भ्रष्ट भएका हुन् भन्दा अत्युक्ति हुँदैन । घूस खानेहरुले कारबाहीबाट बचन विभिन्न उपायहरुसमेत अपनाउने गरेका छन् ।

गत आइतबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारमा एउटा अनौठो मुद्दा दायर गर्‍यो । त्यो मुद्दासँगै भ्रष्टाचारीहरुले घूस खाने प्रवृत्ति र चरित्र फेरेको पाइएको छ । लुम्बिनी विकास कोषका एक वरिष्ठ इन्जिनियर लाई कोषमा अर्बौंको ठेक्का मिलाइदिएबापत एक ठेकेदार कम्पनीले झक्तपुरमा साढे २ रोपनीभन्दा बढी जग्गा खरिद गरेको विषय अख्तियारको अनुसन्धानले नै पुष्टि गरेको छ ।

भ्रष्ट कर्मचारीले विभिन्न परिपञ्च र हर्कत अपनाएर बाहिर आफूलाई इमानदार देखाउने आडम्बर गरिरहेका हुन्छन् । यो प्रकरणमा पनि कर्मचारीले निकै चलाखी अपनाएको पाइन्छ । अर्बौंको ठेक्का दिलाएका एक ठेकेदार कम्पनीसँग ती कर्मचारीले ठूलै अफर गरेको र त्यस क्रममा बैंकमार्फत पैसा पठाउन लगाएर आमाको नाममा झक्तपुरमा साढे दुई रोपनी जग्गा पास गर्न लगाएको देखिन्छ । ती इन्जिनियरकै सक्रियतामा ठेकेदार कम्पनीले लुम्बिनी विकास कोषमा विभिन्न समयमा गरी २ अर्बभन्दा बढीको ठेक्का पाएका थिए । सो ठेक्का दिलाएबापत इन्जिनियरले ठेकेदार कम्पनीबाट लगातार सुविधा लिइरहेको र पछिल्लो समय घूस रकमबाट सीधै जग्गा नै किनेको प्रमाणित भएको छ ।

अहिले पनि यस्ता भ्रष्टाचार र अनियमितताका शृंखला देशरभका विकास निर्माणका आयोजना सञ्चालन गर्नेहरुबाट नियमितजसो नै भइरहेको विषयहरु सुन्नमा आइरहेका छन् । घूस खुवाउने र खाने क्रम यथावत् चरिहेको छ तर यस्ता क्रम भने निकै कम मात्रै अनुसन्धानको छानबिनमा परेको पाइन्छ । कैयौं यस्ता भ्रष्टाचार प्रकरणको अख्तियारले सुइँकोसमेत पाएको हुँदैन ।

अख्तियारले लुम्बिनी विकास कोषका वरिष्ठ इन्जिनियरविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेसँगै इन्जिनियर स्वत: निलम्बनमा परेका छन् । यस प्रकरणमा छानबिन गर्दा अख्तियारका अनुसन्धान अधिकृतहरुले निकै नै बढी मेहनत गरेका छन् र भ्रष्टाचारको नयाँ तथ्य पत्ता लगाउन सफल भएका छन् । भ्रष्टाचारीहरुले भ्रष्टाचारको स्वरुप र शैली फेरिरहन्छन् ।

अख्तियारले यो प्रकरणको विषय बाहिर ल्याउन सफल भए पनि यस्तै प्रकृतिका असंख्य भ्रष्टाचारका घटनाहरु भने गुपचुप नै छन् । भ्रष्टाचारीहरु निकै चलाख बन्दै गइरहेका छन् । अख्तियारलगायतका अनुसन्धान गरी कानुनी कारबाहीमा ल्याउने निकायहरु भने परम्परागत खालकै छन् । ती निकायहरुको अनुसन्धान प्रक्रिया आधुनिक र वैज्ञानिक बन्न नसक्दा कैयौं भ्रष्टाचारीहरु सहजै उम्कने गरेका छन् । जग्गा घूस दिएको प्रकरणमा पनि सम्बन्धित इन्जिनियरले आफ्नो खातामा पैसा नआएकाले आफू यस प्रकरणमा निर्दोष भएको दाबी गरेका थिए तर यो घूस र अनियमितताको मुख्य डिजाइनर नै तिनै इन्जिनियर रहेको तथ्य अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेर बाहिर ल्याइसकेको छ ।

अहिले सरकारका अधिकांश निकाय भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । तर त्यहाँका अधिकारीहरुले भ्रष्टाचार के कसरी गरिरहेका छन् भन्ने कुरामा अख्तियारलगायतका अनुसन्धान गर्ने निकायहरु नै बेखबर बन्ने गरेका छन् । अख्तियारमा कतैबाट कुनै उजुरी आएमा मात्रै यसले अनुसन्धान र छानबिन प्रक्रिया अगाडि बढाउँदै आएको छ । तर अख्तियार आफैंले अनियमितता पत्ता लगाउन सक्ने र छानबिन गरेर दण्डित गर्ने परिपाटीको पनि विकास हुन जरुरी छ । पहिला-पहिला अधिकारीहरु तथा कर्मचारीहरुले नगदमा नै घूस रकम बुझ्ने गर्थे तर अब त्यसो नगरेर कसैले घूसबापत जग्गा लिने गरेका छन् त कतिपयले घूसस्वरुप सुनका डल्लाहरुसमेत लिने गरेको प्रसंग चल्ने गरेको छ । केही वर्षअघि सुन तस्करीको छानबिन गर्न गृह मन्त्रालयले सहसचिवको नेतृत्वमा गठन गरेको छानबिन समितिले पनि त्यतिखेर नै सुन तस्करीमा केही व्यापारीलाई सघाउने नेताहरुले देशका विभिन्न ठाउँमा रोपनी तथा बिघाका दरले टिप्सस्वरुप जग्गा लिएको फेला पारेको थियो ।

हामीकहाँ विशेष गरी राजस्व क्षेत्रमा, यातायात क्षेत्रमा र विकास निर्माणका काममा अत्यधिक भ्रष्टाचार भइरहेको छ । राजस्व क्षेत्रमा हुने भ्रष्टाचार अझै खतरनाक प्रकृतिको छ । राजस्व क्षेत्रमा भ्रष्ट अधिकारीहरुलाई सेटिङमा सहयोग पुर्‍याएबापत केही व्यापारीहरुले भारतका विभिन्न शहरमा बंगला नै किनेर उपहार दिएका विषयहरु पनि आइरहेका छन् । राजस्व छलीमा संलग्न त्यस्ता कर्मचारीहरुको विदेशमा रहेको सम्पत्तिको पनि अब अख्तियारले अनुसन्धान गर्न जरुरी छ । राजस्व, मालपोत, यातायात लगायतका कार्यालयमा बसेका कर्मचारीहरुले अकुत सम्पत्ति आर्जन गरिरहेका छन् । त्यसैले त्यस्ता निकायमा रहने कर्मचारीहरुमाथि अख्तियार लगायतका निकायहरुले नियमितरुपमा नै निगरानी गर्नुपर्छ र उनीहरुको सेटिङको जालो भत्काउनुपर्छ ।

मुलुकमा यस्तै भ्रष्ट प्रवृत्तिका कारण यहाँको विकास र सुशासनको गति अवरुद्ध हुँदै आइरहेको छ । यसै कारण पनि जनतामा निराशा व्याप्त छ । एकातिर भ्रष्टाचार व्याप्त छ भने अर्कोतर्फ सरकारबाट प्रदान गर्ने सार्वजनिक सेवाहरु पनि प्रभावकारी हुन सकिरहेका छैनन् । संघीयता कार्यान्वयनपश्चात् हालसम्मको अवधिमा तीनै तहका सरकारमा विकास निर्माण कार्य तथा बजेट विनियोजन, अनुदान वितरण, सेवा प्रवाहजस्ता कार्यमा बढी भ्रष्टाचार भइरहेको विभिन्न अध्ययनले देखाएको छ ।

यसै गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पर्ने गरेका भ्रष्टाचारविरुद्धका उजुरीका क्षेत्र र दरलाई विश्लेषण गर्दासमेत ती क्षेत्रमा बढी भ्रष्टाचार भइरहेको पाइन्छ । यसै गरी सार्वजनिक खरिद तथा निर्माणका सन्दर्भमा प्रतिस्पर्धा सीमित गर्ने, विनाप्रतिस्पर्धा सोझै खरिद गर्ने, आयोजनामा पूर्वसम्भाव्यता अध्ययन आवश्यकता, औचित्यको पहिचान नगरी बजेट विनियोजन गर्ने, खरिद योजनाविना नै खरिद गर्ने प्रवृत्ति पनि व्यापक रहेको छ । यसै गरी कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, पशुपंक्षी लगायतका विषयगत क्षेत्रमा प्राप्त अनुदानको दुरुपयोग गर्ने प्रवृत्ति पनि व्यापक छ । यी सबै कार्यमा कुनै न कुनै रुपमा घूस र कमिसन अत्यधिक चल्ने गरेको छ । सरकारी निकायमा हुने यस्तो घूस र कमिसन रोक्ने महान् व्यक्तित्व देशले हालसम्म पाउन सकेको छैन । किनकि त्यो घूस र कमिसनको भाग तलदेखि माथिसम्ममा नै पुग्ने गरेको छ । सबैजना कमिसनमा लिप्त हुन थालेपछि कसले कसलाई कारबाही गर्ने ? यो आजको गम्भीर प्रश्न र चिन्ताको विषय पनि हो ।

सरकारी निकायबाट मातहतका निकायमा चल्ने घूस र कमिसन रोकिन सक्ने अवस्था नभएकाले अब अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै सरकारी निकायमा हुने घूस र कमिसन रोक्न विशेष योजना र कार्यक्रम ल्याउनुपर्छ । घूसका स्वरुपहरु फेरिन थालेकाले अख्तियारले घुस्याहा कर्मचारी खोज्न सोही अनुसारको दक्ष र प्रविधियुक्त जनशक्ति तयार पार्न सक्नुपर्छ । जग्गाजस्तै कतिपय घुस्याहा कर्मचारीहरुले घूसस्वरुप महँगा खालका जिन्सी सामानसमेत बुझ्ने गरेका विषयहरु पनि सार्वजनिक भइरहेका छन् । यसै गरी भ्रष्टहरुले आफ्नो पैसा आउने ठाउँमा तेस्रो व्यक्तिको नाममा पैसा राख्न लगाउने गरेको भन्ने विषयहरु पनि सुन्नमा आएका छन् । कतिपय भ्रष्ट उच्च अधिकारीहरुले हुण्डीमार्फत ठूलो रकम विदेशमा बसेका आफ्ना छोरा, छोरी, ज्वाइँलाई पठाउने र उताबाट वैधानिक बनाएर नेपाल भित्र्याउने गरेका विषयहरु पनि आइरहेका छन् । कतिपय भ्रष्ट कर्मचारीहरुले विदेशमा नै घूस रकमसमेत बुझ्ने गरेको पाइन्छ ।

जताततै भ्रष्टाचार व्याप्त हुँदा नै घुस्याहा कर्मचारीहरुले फाइदा लुट्ने हुन् र घूस खाने शैली परिवर्तन गर्ने हुन् । तर सबैजना मिलेर भ्रष्टाचार नै रोक्न सक्ने हो भने घुस्याहाहरुको बिगबिगी त्यसै हटेर जान्छ । त्यसैले प्रमुख समस्या भनेकै भ्रष्टाचार हो, शैली त त्यसपछिको सहायक पक्ष हो । भ्रष्टाचार रोक्न अब सबै पक्ष एकजुट भएर अघि बढ्नुको विकल्प छैन । यसको लागि मुख्यरुपमा राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व नै सच्चिन जरुरी छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# रवि लामिछानेले गुमाउन नहुने यो मौका

✍ शिवजी श्रेष्ठ



नयाँ सत्ता गठबन्धनको सरकार बनेको केही दिनमै राजनीतिक दलसम्बन्धी विधेयक प्रस्तुत गर्न संसद्को रोस्टममा जान लागेका उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेप्रति प्रमुख प्रतिपक्षी दल कांग्रेसले विरोध जनायो, उनलाई रोस्टमसम्म पुग्न दिएनन् र प्रधानमन्त्रीको जवाफ मागे ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जवाफ दिन समय लगाएपछि सहकारी अनियमिततामा संलग्न रहेको भन्दै कांग्रेसले उनको राजीनामा मागेको छ । प्रधानमन्त्री प्रचण्डले अघिल्लो मङ्गलबार संसद्को रोस्टममै उभिएर प्रहरीको ब्रिफिङको हवाला दिँदै गृहमन्त्री लामिछानेको बचाउ गरेपछि कांग्रेसले संसदीय छानबिनको विकल्प प्रस्तुत गरेको छ, तर गृहमन्त्री लामिछानेले त्यसलाई अस्वीकार गर्दै चार वर्ष नै संसद् चल्न नदिए पनि आफूले काम गरिरहने भनी प्रतिक्रिया दिएको कुरा समाचारमा आएको छ ।

ओखलढुङ्गाका जीबी राई समूहद्वारा सञ्चालित पोखराको सूर्यदर्शन, चितवनको सहारा, बुटवलको सुप्रिम लगायत सहकारीमा बचतकर्ताले जम्मा गरेको करोडौं रकम अनियमितता भएको र ग्यालेक्सी टीभीमा समेत खर्च गरेको पाइएको छ । राजनीतिमा आउनुअघि उक्त टीभीको प्रबन्ध निर्देशक रहेका लामिछानेका नाममा समेत रकम निकालेको देखिएपछि उनीमाथि प्रश्न उठ्दै आएको छ । लामिछानेले भने आफूले रकम नलिएको र अनियमिततामा संलग्न नभएको भनी अस्वीकार गर्दै आएका छन् ।

यता गृहमन्त्रीको बचाउमा प्रधानमन्त्री मात्रै होइन, सत्ता घटकका प्रमुख दल एमालेका नेता एवं पूर्वप्रधानमन्त्री केपी ओली समेत संसदीय छानबिन समिति बनाउने कुरालाई असम्भव भनेर उत्रिएका छन् ।

### रविलाई उदाहरणीय बन्ने अवसर

सत्तापक्ष र प्रतिपक्षीको अडान रहिरहे संसदीय कारबाही खलबलिन्छ नै, सँगसँगै वैकल्पिक शक्तिका रूपमा उदाउँदै गरेको र जनताले आशा गरेको एउटा पार्टी र त्यसका मुख्य नेताको क्षयीकरण पनि हुन सक्छ ।

यसर्थ यस मामिलामा अरुले भन्दा गृहमन्त्री लामिछाने आफैंले बढी सोच्नुपर्ने देखिन्छ । त्यो पनि स्थापित दलका स्थापित नेताहरूले सोच्ने हठी ढङ्गभन्दा फरक ढङ्गले । पुराना नेता र पार्टीका पुराना ढर्राबाट अब देश उँभो लाग्दैन भन्दै जनतामा 'नो नट एगेन'को नारा दिएर आएका पार्टी र त्यसका नेता पनि उही पुरानै ढर्रामा हिँडेर संसद्ले संसदीय छानबिन माग गर्दा अस्वीकार गर्नुले प्रश्न उब्जाउँछ– भोलि आफैं पनि अस्वीकृत हुँदै जाने अर्थात् आफैंप्रति 'नो नट एगेन'को अवस्था त सिर्जना हुँदैन ?

संसदीय छानबिनका घटना नयाँ होइनन् । अरुलाई च्याखन्याखती प्रश्न सोधेर एउटा छवि बनाएका लामिछानेले पक्कै पनि यसबारे पर्याप्त अध्ययन गरेकै हुनुपर्छ । आधुनिक नेपाल बनाउँछु भनेर आएका लामिछानेले अरु नभए पनि आधुनिक सिङ्गापुर बनाएका ली क्वान युको आत्मकथा अध्ययन गरेकै हुनुपर्छ ।

जब ३१ वर्ष सिङ्गापुरको नेतृत्व गरेर सन् १९९० मा सक्रिय राजनीतिबाट बाहिरिएपछि लीका छोरा ली सिएन लुङ उपप्रधानमन्त्री बनेका थिए । यस्तैमा एउटा भ्रष्टाचारको आरोप चर्चामा आयो । ली क्वान युकी श्रीमती कवा गियोक चुले मन्त्रीहरूलाई प्रभावमा पारेर आफू र छोरा लुङका नाममा दुईवटा महँगो घर किन्दा एक लाख सिङ्गापुर डलर बराबरको छुट सहुलियत लिएको आरोप थियो । ली क्वान युले विपक्षी दलभन्दा अगाडि बढेर यस विषयमा तुरुन्तै संसदीय छानबिन गराए । संसदीय समितिले ली क्वानको कमजोरी भेटेनन् । त्यो लिएको छुट कानुन अनुसारकै भेटियो, छानबिनपछि संसद्ले ली क्वान युलाई क्लिन चिट दियो, तर ली क्वान युले त्यो कानुन अनुसार पाएको छुट पनि एउटा परोपकारी संस्थालाई दान दिए ।

त्यस घटनापछि ली क्वान युलाई पत्रकारले सोधे, 'संसद्मा कुरा पो उठेको थियो, तपाईंले त आफैं संसदीय छानबिनका लागि अनुरोध गर्नुभयो, किन ?'

उनले भने, 'पत्रकार महोदय ! मैले यो कुरा संसद्मा छलफल नचलाएको भए अर्को चुनावमा विपक्षीका लागि ठुलो मसला बन्ने थियो र हाम्रो उछितो काढिने थियो ।' के गृहमन्त्री लामिछानेले आफूलाई यो घटना वा त्यो स्थानमा राखेर हेर्न वा शिक्षा लिन सक्दैनन् ?

संसद्बाट क्लिन चिट लिएर आफूलाई अहिले लागेको वा लगाइएको आरोपबाट उन्मुक्ति पाउन उनलाई के समस्या भयो ?

२०१६ सालमा दुईतिहाइ बहुमतसहित संसदीय चुनाव जितेको नेपाली कांग्रेसको सरकार थियो । आफ्नै रफ्तारमा चलिरहेको बीपी नेतृत्वको त्यस सरकारलाई विपक्षी दल, राजा महेन्द्र र मिडियाबाट भने प्रहार भइरहेकै थियो । बीपीले आफ्नो 'आत्म वृत्तान्त'मा उल्लेख गरे अनुसार, एक दिन राजाले दरबारमा बोलाएर भने– धेरै उजुरी आउन थाल्यो, तपाईंका मन्त्रीहरूका बारेमा ।'

बीपीले भने, 'हो सरकार, अनुसन्धान गरे हुन्छ ।'

राजा महेन्द्रले चार जनाको नाम (गणेशमान सिंह, शिवराज पन्त, प्रेमराज आङदेम्बे, र बीपीकै भाइ तथा निजी सचिव तारिणीप्रसाद कोइराला) लिएर भने– यिनीहरुका बारेमा सिकायत छ । बीपीले प्रतिवाद गरे, 'यो हल्लाको पछि लाग्ने होइन, सरकारसँग कुनै प्रमाण छ भने बक्स्योस् न । त्यसो भयो भने म क्रिमिनल केस चलाउन सक्छु ।'

प्रमाणस्वरूप राजाले भने, 'गणेशमान सिंहले जाउलाखेलमा सांसदहरू बस्न वा ट्रेनिङ सेन्टरका लागि जुद्धशमशेरका छोराको घर किन्दा एक लाख रुपैयाँ कमिसन लिएका छन् ।'

सुरुमा बीपीले 'गणेशमानजीले त्यस्तो गर्न सक्नुहुन्न, गर्नु नै हुन्न' भनेर अडान लिए । राजाले 'पैसा लिएकै हो' भनेर अडान लिएपछि बीपीले भने, 'त्यसो भए छानबिन गर्नुपर्‍यो, गोप्य तबरले । संसद्ले छानबिन गर्दा सरकारलाई विश्वास नहोला । सरकारकै पत्यारका उपत्यकाका हाकिम छन्, विष्णुमणि आदि, उनैलाई गर्न लगाउँ ।' राजा सहमत भएपछि बीपीले उपत्यका कमिसनर विष्णुमणिलाई बोलाएर गोप्य रूपमा गणेशमान सिंहमाथि छानबिन गर्न भने ।

५-६ दिनमै विष्णुमणिले राजा र प्रधानमन्त्रीलाई रिपोर्ट दिएछन्, 'सफा काम भएको छ, पैसाको कुनै लेनदेन भएकै छैन ।'

भएको के रहेछ भने जुद्धशमशेरका छोराले एकजना नेवार साहुबाट थुप्रै ऋण लिएका रहेछन् । घर बेचेर आएको पैसामध्ये उनले एक लाख रुपैयाँ त्यही साहुलाई तिरेछन् । घर बेचेको पैसा हिसाबमा एक लाख कम आएपछि उनकी श्रीमतीले राजा महेन्द्रसमक्ष बिन्तीपत्र चढाएकी रहिछन् ।

आखिर गणेशमानजी 'क्लिन' निस्किए । गणेशमानमाथिको छानबिनमा कुनै कैफियत नभेटिएपछि तत्कालीन वनमन्त्री शिवराज पन्त, खाद्यमन्त्री प्रेमराज आङदेम्बेमाथि छानबिन गर्न राजाले त्यति चासो देखाएनन् । प्रधानमन्त्री बीपी आफ्ना मन्त्रीहरूमाथि छानबिन गराउन तयार भएपछि उनलाई दोष लगाउने राजा समेत गलेका देखिन्छन् । त्यसैले केही कैफियत नगरेकाहरू छानबिनसँग तर्किनुपर्ने कुनै कारण हुँदैन, अनि छानबिनबाट तर्किनेहरूले केही नगरेकै रहेछ भने पनि प्रश्नहरूको भारी जीवनभर बोकेर हिँडिरहनुपर्ने हुन सक्छ ।

बीपीले चाहेको भए छानबिन नै नगरी 'गणेशमानजी चोखो छन्' भनेर अडान लिन सक्थे । तर त्यसो भएको भए जीवनभर गणेशमानलाई यो प्रश्नले पछ्याइरहने थियो । लामिछानेले पनि अर्कै प्रसङ्गमा भनेका छन्, 'गगन थापालाई बाख्रा पालन र मलाई नागरिकता प्रसङ्गले सधैं पछ्याइरहनेछ ।'

संसदीय अङ्क गणितको खेलमा आफूलाई सुरक्षित राख्न यी प्रधानमन्त्री र पूर्वप्रधानमन्त्रीहरूले तत्कालका लागि गृहमन्त्री लामिछानेलाई प्रश्नको घेराबाट उम्काउन मद्दत गर्लान्, तर सधैं झुन्डिरहने प्रश्नबाट मुक्ति दिलाउन त नसक्लान् कि ? यिनले आफ्नो राजनीतिको सुरक्षा हेरे, गृहमन्त्री लामिछानेले पनि आफ्नो राजनीतिक भविष्यको सुरक्षा सोच्नुपर्छ कि ? भनिन्छ, नेताले एउटा चुनाव हेर्छ, तर दूरदर्शी नेताले सुदूर भविष्य हेरेर निर्णय गर्छ ।

यस्ता मामिलामा नेपाली संसदीय इतिहासमा पनि कुनै जमानामा ली क्वान युजस्तै नेता थिए । जब २०४८ सालमा गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा नेपाली कांग्रेसको बहुमतको सरकार बन्यो । त्यस सरकारकी कृषिमन्त्री शैलजा आचार्यले एक दिन संसद्को रोस्टममा उभिएर भनिन्– मेरै मन्त्रालयभित्र कमिसनको जालो छ, त्यसैले समयमै मल किनेर कृषकलाई पुर्‍याउन सकिएन । यसबारे संसद्ले छानबिन गरोस् ।

प्रधानमन्त्री कोइरालाले उनलाई आफ्नो बोली फिर्ता लिन भनेका थिए, तर उनले आफूले सबै बुझेर बोलेको र आफ्नो बोली फिर्ता लिनुपरे राजीनामा दिने बताइन् र राजीनामा दिइन् । यसबाट पनि गृहमन्त्री लामिछानेले शिक्षा लिने ठाउँ छैन र ?

यहाँ संसद् छल्नेहरूको कुनै कमी छैन, तर संसद्लाई बदल्नेहरूको चाहिँ अभाव छ । आफूलाई निर्दोष साबित गर्न गृहमन्त्री लामिछाने संसदीय छानबिनका लागि सहयोग गर्नैपर्छ । अन्यथा यो प्रश्न रहिरहनेछ ।

*(साभार: रातोपाटी)*

# हाई-प्रोफाइल अपराधमा प्रहरी एक्सन, कोरमा नपुग्दै यूटर्न

काठमाडौं/हाई-प्रोफाइल व्यक्ति जोडिएका अपराधका घटनामा प्रहरीले एकपछि अर्को 'एक्सन' दिँदै वर्ष २०८० मा राम्रैसँग चर्चा बटुल्यो । भुटानी शरणार्थी प्रकरणदेखि ललितानिवास जग्गा, सुन तस्करी र सहकारी ठगी प्रकरण जस्ता भीआईपी व्यक्ति जोडिएका अपराधमा प्रहरीले लिएको सुरुवाती एक्सनले राम्रै चर्चा र प्रशंसा पायो ।




एकपछि अर्को हाई-प्रोफाइल घटनामा एक्सन लिंदै प्रशंसा बटुलेको प्रहरी पछि भने मुख्य पात्र अर्थात् संदिग्ध व्यक्तिसम्म नपुग्दै 'युटर्न' भयो । अनुसन्धानले बीचमै बिट मार्‍यो ।

वसन्तबहादुर कुँवरले १२ चैत २०७९ मा प्रहरी महानिरीक्षक (आईजी)को दर्ज्यानी चिह्न लगाउँदै गर्दा नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने आश्वासन देखाएर ठगी गरेको प्रकरणका ३ जना (सानु भण्डारी, केशवप्रसाद दुलाल र टंककुमार गुरुङ) पक्राउ परेका थिए ।

तीन जनाबाट सुरु भएको अनुसन्धानले विस्तृत रूप लिंदै गयो । बहालवाला सचिव समेत रहेका पूर्व गृहसचिवदेखि, पूर्व गृहमन्त्री, पूर्व उपप्रधानमन्त्री तथा बहालवाला सांसदसम्मको संलग्नता ठगी प्रकरणमा खुल्यो ।

१९ वैशाखमा पूर्व गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राई पक्राउ परे । त्यसको भोलिपल्ट २० वैशाखमा पूर्व गृहसचिव समेत रहेका उपराष्ट्रपति कार्यालयका सचिव टेकनारायण पाण्डे र एमालेका सचिव समेत रहेका टोपबहादुर रायमाझीका छोरा सन्दीप पक्राउ परे ।

हाई-प्रोफाइलतर्फ अनुसन्धान सोझिएपछि प्रहरीले जनस्तरबाट राम्रै प्रशंसा बटुल्यो । यसको केही दिनमै २७ वैशाखमा चाबहिल क्षेत्रबाट नेपाली कांग्रेसका प्रभावशाली नेता तथा पूर्व गृहमन्त्री बालकृष्ण खाँण र उनका पीए नरेन्द्र केसी पक्राउ परे ।

यसअघिसम्म विपक्षी दल एमालेले आफ्ना नेता केन्द्रित अनुसन्धान गरेर सत्ता पक्षलाई उन्मुक्ति दिन खोजेको आरोप लगाएको थियो । खाँण पक्राउ परेसँगै उक्त आरोप मिथ्या सावित मात्रै भएन प्रहरीले हाई-प्रोफाइल व्यक्ति पक्राउ गरेर अझ माथिसम्मै अनुसन्धान पुग्ने विश्वास व्यक्त गरे ।

पहिल्यै पक्राउ पुर्जी जारी भएर फरार भएका टोपबहादुर पनि ३१ वैशाखमा बूढानीलकण्ठस्थित पासिकोटबाट पक्राउ परे । एकपछि अर्को गर्दै हाई-प्रोफाइलमाथि अनुसन्धान अघि बढाउनु र व्यक्ति पक्राउले प्रहरीको छवि राम्रै उज्यालियो ।

तर पक्राउ परेका आरोपितले बयानका क्रममा अझ हाई-प्रोफाइल व्यक्तिको नाम खुलाए । आरोपितले नाम लिएका थप व्यक्तिमाथि दोस्रो चरणमा जाहेरी लिएर प्रहरीले अनुसन्धान सुरु गर्‍यो । तर लगत्तै सरकारले भुटानी शरणार्थी प्रकरणको अनुसन्धान कमाण्ड गरेका काठमाडौं उपत्यकाका तीन युनिटका कमाण्डलाई समय नपुग्दै सरुवा गरिदियो ।

कमाण्डको नेतृत्व गरेको ७ महिनामै ४ भदौमा एसएसपीद्वय मनोज केसी र दान कार्कीलाई काठमाडौंबाट हटाइयो । त्यसको दुई सातापछि २९ भदौमा काठमाडौं उपत्यका प्रहरी कार्यालयका एआईजी श्यामलाल ज्ञवाली पनि साढे चार महिनामै हटाइए ।

त्यसपछि अनुसन्धानमा लागेको नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धानले अहिलेसम्म गति लिन सकेको छैन । सुरुवाती रूपमा सरकारको ढाडस पाएर हौसिएको प्रहरीलाई पछि अनुसन्धानमा असहयोग मात्रै होइन अवधि नपुग्दै जिम्मेवारी खोसेर थन्क्याउने काम भयो । अनुसन्धान बीचमै युटर्न हुँदा नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान अधुरै रह्यो ।

नक्कली भुटानी शरणार्थी जस्तै केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले अर्को हाई-प्रोफाइल किर्ते ठगी (ललितानिवास जग्गा प्रकरण)को मुद्दा पनि यसै वर्ष दर्ता गर्‍यो ।

१० भदौमा काठमाडौं जिल्ला अदातलमा २८६ जनालाई प्रतिवादी बनाउँदै मुद्दा दायर भएको थियो । जसमा पूर्व मन्त्रीहरू विजयकुमार गच्छदार, चन्द्रदेव जोशी, डम्बरबहादुर श्रेष्ठ, सञ्जय साहलाई प्रतिवादी बनाउँदा सरकारी जग्गा व्यक्तिविशेषको नाममा लैजान निर्णय हुँदा मन्त्रिपरिषद्को अध्यक्ष रहेका एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नेपाल समाजवादी पार्टी अध्यक्ष बाबुराम भट्टराई विरुद्ध भने सीआईबीले मुद्दा नै चलाएन ।

अझ कतिसम्म भने सीआईबीले मुद्दा दर्ता गर्नुभन्दा केही दिनअघि मात्रै उनीहरूको निवासमै गएर बयान कागज गराएको थियो । हाई-प्रोफाइल व्यक्तिलाई कार्यालयमै बोलाएर बयान समेत लिन हच्किएको सीआईबीले बयानका लागि उनीहरूको घरमै पुगेको थियो ।

सरकारी जग्गा व्यक्तिको नाममा ल्याउने निर्णय हुँदा भट्टराई प्रधानमन्त्री भएका बेला लीलामणि पौडेल मुख्य सचिव थिए । उनलाई समेत उन्मुक्ति दिएर मुद्दा दर्ता भएपछि सीआईबीको आलोचना समेत भएको थियो ।

सुरुवाती चरणमा सीआईबीले ललितानिवासको अनुसन्धान अघि बढाएपछि अख्तियार ले जोगाएका 'ठूला माछा' पक्राउ पर्ने भन्दै आशा जगाए पनि सीआईबीले 'ठूला माछा'लाई उन्मुक्ति दिएर 'भुरा माछा' विरुद्ध मात्रै मुद्दा दायर भएको आरोप खेप्यो ।

सीआईबीले नै गरेको ६० किलो सुन विद्युतीय चुरोट (भेप) मार्फत भएको सुन तस्करी प्रकरण पनि हाई-प्रोफाइल व्यक्ति जोडिएपछि उन्मुक्ति दिएको आरोप लाग्यो ।

२ साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार जाँच पास भएर बाहिरिंदै गरेको ६० किलो भन्दा बढी सुन राजस्व अनुसन्धान विभागको टोलीले पक्राउ गरेको थियो । विभागको अनुसन्धानपछि उक्त सुन तस्करी प्रकरणबारे १९ साउनमा सीआईबीले जानकारी पाएको थियो ।

तर ६० किलो सुन तस्करी प्रकरणमा जोडिएका हाई-प्रोफाइल व्यक्तिलाई जोगाएको आरोप सीआईबीलाई लाग्यो । केही चिनियाँ र नेपाल एजेन्टहरू पक्राउ परेर मुद्दा दायर भए पनि हाई-प्रोफाइल व्यक्तिलाई उन्मुक्ति दिएको आरोप मात्रै सीआईबीलाई लागेन, सुन तस्करी जाँचबुझ आयोगले सीआईबीका एआईजी किरण बज्राचार्य, एसपी सञ्जय सिंह थापा र डीएसपीद्वय रुगम कुँवर र दुर्गा दाहाललाई कारबाही नै सिफारिश गरेपछि सुरुवाती क्रममा 'वाहवाही' पाएको नेपाल प्रहरी पछि आलोचित पनि बन्न पुग्यो । सीआईबी जस्तो अनुसन्धानको विशिष्टकृत इकाइलाई कसैको स्वार्थ र निर्देशन अनुसार अह्नखटन हुने इकाइ बनाएको आरोप लाग्यो ।

२०८० मा नेपाल प्रहरीले अन्य वर्षहरूको तुलनामा धेरै हाई-प्रोफाइल घटनाहरूमा हात हालेको थियो । तर अधिकांशजसो घटना पूर्ण अनुसन्धान नहुँदै बीचमै रोकिए ।

भेप मार्फत भएको ९ किलो सुन तस्करी प्रकरण र ६० किलो सुन तस्करी प्रकरणका अभियुक्तसँग शंकास्पद सम्बन्ध देखिंदा समेत हाई-प्रोफाइल व्यक्ति माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरालाई मुद्दा चलाउनुपर्नेमा उन्मुक्ति दिएको सम्मको आरोप सीआईबीलाई लाग्यो ।

अझ सुन तस्करीका नाइके भनिएका जीवन चलाउनेलाई पक्राउ गरेर समेत छाडिएको आरोप सीआईबीका कर्मचारीमाथि लागेको छ ।

अर्को हाई-प्रोफाइल व्यक्ति जोडिएको बाँसबारी छाला-जुत्ता कारखानाको जग्गाको अनुसन्धानमा सीआईबीले उद्योगपति अरुण चौधरीलाई १८ माघमा पक्राउ गरेको थियो । अरुणलाई पक्राउ गरेर हिरासतमा लिएको सीआईबीले सोही जग्गा प्रकरणमा जोडिएका उनका दाजु तथा नेपाली कांग्रेसका सांसद विनोद चौधरीको हकमा भने हच्कियो ।

सरकारी वकिल कार्यालय, काठमाडौंमा बोलाएर विनोदमाथि बयान लिइएको थियो । यद्यपि बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी सरकारी जग्गा मन्त्रिपरिषद्को निर्णय बेगरै चौधरी ग्रुपले लिएको भन्दै नापी कार्यालय, डिल्लीबजारले सरकारको नाममा ल्याउने निर्णय समेत गरिसकेको छ ।

अहिलेका बहालवाला गृहमन्त्री रवि लामिछाने नै जोडिएको भनिएको सहकारी ठगी प्रकरणको अनुसन्धान पनि प्रहरीले टुंगोमा पुर्‍याउन सकेको छैन । शिव शिखर सहकारी, देउराली सहकारी जस्ता ठूला सहकारी घोटालाको फाइल अनुसन्धान गरेर मुद्दा चलाएको प्रहरीले रवि जोडिएको आरोप लागेको सहकारीको अनुसन्धान टुंगोमा पुर्‍याएको छैन ।

पोखराको सूर्यदर्शन सहकारीका संस्थापक अध्यक्ष जीबी (गितेन्द्रबाबु) राई रेड नोटिस जारी हुँदा समेत अहिलेसम्म फरारकै सूचीमा छन् । जीबी कुनै समय अहिलेका गृहमन्त्री लामिछानेका व्यावसायिक साझेदार समेत थिए । उनीहरू मिलेर ग्यालेक्सी फोर के टेलिभिजन सञ्चालनमा ल्याएका थिए । उनै रविले आफू सदस्य नै भएको सूर्यदर्शन सहकारीबाट १ करोड रुपैयाँ ऋण लिएको समेत देखिएको थियो । रवि समेतलाई प्रतिवादी बनाउँदै सहकारी पीडितहरूले पूरक जाहेरी दिए पनि अहिलेसम्म उक्त जाहेरीमाथि प्रहरीले अनुसन्धान समेत अघि बढाएको छैन । बरु संघीय संसद्को राज्यव्यवस्था समितिले आईजी वसन्तबहादुर कुँवरले नै गृहमन्त्री रवि लामिछाने सहकारी ठगी प्रकरणमा नजोडिएको र उनी विरुद्ध केही प्रमाण नभएको अभिव्यक्ति समेत दिन भ्याएका थिए ।

आईजीले गृहमन्त्रीको बचाउ गर्दै निर्दोष रहेको बताएपछि संसद्मा 'आईजी कुँवर न्यायाधीश बन्न खोजेको' भनेर समेत आवाज उठ्यो । 'प्रहरी नेतृत्वले अनुसन्धानको विषयलाई अनुसन्धान भइरहेको छ भन्नुपर्ने हो तर उहाँले एक कदम अघि बढेर निर्दोष भन्नु परिपक्व भाषा होइन', नेपाल प्रहरीका एक पूर्वआईजी भन्छन् ।

यसै वर्ष अर्का हाई-प्रोफाइल व्यक्ति रामबहादुर बम्जन पक्राउ परेर पुर्पक्षका लागि जेल समेत चलान भए । यौन दुर्व्यवहार र व्यक्ति बेपत्ताको कसुरमा उनी अहिले धनुषा कारागारमा थुनामा छन् ।

समग्रमा २०८० मा नेपाल प्रहरीले अन्य वर्षहरूको तुलनामा धेरै हाई-प्रोफाइल घटनाहरूमा हात हालेको थियो । तर अधिकांशजसो घटना पूर्ण अनुसन्धान नहुँदै बीचमै रोकिए । अनुसन्धानमा हात हाल्नु तर बीचमै रोकिनुले प्रहरीमा अझै राजनीतीकरण हाबी छ भन्ने आरोपको पुष्ट्याइँ भएको पूर्व डीआईजी हेमन्त मल्लको बुझाइ छ । 'प्रहरीमा राजनीतीकरण ज्यादै छ भनेर आरोप लाग्छ । तर पछिल्लो एक वर्षकै हाई-प्रोफाइल केसहरूलाई केलाउने हो भने त्यो आरोपको पुष्टि हुन्छ', मल्लले संचारकर्मीसँग भने ।

अनुसन्धान हुनु र बीचमै रोकिनुलाई सत्ता समीकरणसँग पनि जोडेर हेर्नुपर्ने हुन्छ । सत्ता समीकरण कस्तो अवस्थामा छ, एकल बहुमतको सरकार छ कि बहुपार्टी मिलेर बनेको सरकार छ, त्यसले पनि अनुसन्धानमा प्रभाव पार्ने हुँदा अनुसन्धान बीचमै प्रभावित हुने गर्छन् ।

'कोलिसन गभर्मेन्ट छ । कसैको बहुमत छैन । यस्तो अवस्थामा अहिलेको मात्रै नभई भोलिको परिस्थिति समेत हेरेर राजनीतिज्ञहरूले काम गरेका हुन्छन् । ताकि भोलि तल-माथि भएको अवस्थामा अर्को पक्षको सहयोग लिएर बहुमत जुटाउन सकियोस्', पूर्व एआईजी हरि पालले भने ।

हाई-प्रोफाइल घटनाको अनुसन्धान बीचमै रोकिए पनि २०८० ले एउटा सन्देश भने दिएको छ । अहिले अनुसन्धान भएका कुनै पनि हाई-प्रोफाइल घटना भर्खरै सार्वजनिक भएका भने होइनन् । अहिले अनुसन्धान भइरहेको बाँसबारी छाला-जुत्ताको जग्गाका बारेमा त २०४५ सालमै महालेखाले प्रश्न उठाएको थियो ।

ललितानिवास, नक्कली भुटानी शरणार्थी प्रकरणको उजुरी पनि पहिल्यै परेर थन्किएको थियो । तर अहिले आएर अनुसन्धान भएर बहालवाला सचिवदेखि प्रभावशाली नेता, पूर्व गृहमन्त्री, सांसदसम्म पक्राउ पर्नुले कम्तीमा अहिले आएर भए पनि अनुसन्धान त भयो अर्थात् राज्यले अनुसन्धानमा हात त हाल्यो भन्ने सकारात्मक सन्देश पनि गएको देखिन्छ ।

हाई-प्रोफाइल जोडिएका पुराना केसहरू विभिन्न कारणले नै किन नहोस् एक चरणसम्म अनुसन्धान हुनुले 'कम्तीमा अनुसन्धान त भयो' भन्ने सकारात्मक सन्देश दिएको पूर्व डीआईजी मल्ल पनि स्वीकार्छन् । यसले आशावादी हुनुपर्ने संकेत देखाएको उनको बुझाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'डिग्री माइला'लाई उच्च शोज, बम्पर ओपनिङको अवसर



काठमाडौं/यस वर्षको अन्तिम रिलिज फिल्म 'डिग्री माइला'ले बक्स अफिसमा उच्च व्यापार गर्ने अनुमान गरिएको छ । यसका दुईवटा आधार छन् । पहिलो, यो 'कबड्डी' समूहको फिल्म हो । त्यसको प्रभाव व्यापारमा देखिन सक्छ । दोस्रो, ट्रेलरले बनाएको हाइप राम्रो छ । दर्शकलाई हलमा आकर्षित गर्ने यो बलियो आधार हुनसक्छ । 'वर्ड अफ माउथ' पनि राम्रो आए फिल्मले हलमा लामो यात्रा गर्नेछ ।

फिल्मको हाइपलाई मध्यनजर गर्दै बुधबारबाट अग्रिम बुकिङ खुलाइएको छ । देशभर फिल्मलाई उच्च शोज मिलेको छ । बुधबार दिउँसो ४ बजेसम्ममा फिल्मले डेढ सय बढी शोज प्राप्त गरिसकेको छ भने बिहीबार साँझसम्म २ सय शोज नाघ्न सक्नेछ । देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले फिल्मलाई शुक्रबारका लागि मात्र काठमाडौं सहित ९ सहरमा ६० शोज उपलब्ध गराएको छ ।

यो फिल्मलाई सबैभन्दा ठूलो चुनौती दुई हिन्दी फिल्म 'बडे मियाँ छोटे मियाँ' र 'मैदान' (भारतमा बिहीबार रिलिज हुँदैछन्) हुनसक्ने विश्लेषण गरिएको थियो । तर, अहिलेसम्म दुवै फिल्मको नेपाल प्रदर्शन अन्योल छ । अब रिलिजका लागि चलचित्र विकास बोर्डमा निवेदन दिँदा पनि सेन्सर अनुमति पाउन आइतबारअघि सम्भव छैन । यसैले 'डिग्री माइला'को ओपनिङ बम्पर हुनसक्ने देखिन्छ ।

बाँसुरी फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा दयाहाङ राई र आँचल शर्मा जोडीको रुपमा छन् भने प्रकाश घिमिरे, माओत्से गुरुङ, विजय बराल, बुद्धि तामाङ, कमलमणि नेपाल, हिउँवाला गौतम, सोमनाथ खनाल, पशुपति राई, लोकेन्द्र लेखक लगायतको पनि अभिनय छ । फिल्मले शैक्षिक बेरोजगारीको कथालाई उठाएको छ । यसअघि यो कथामा 'डिग्री माइला' नाटक बनेको थियो ।

# 'वर एण्ड वधु'पछि 'ज्वाइँ साब'मा हिमेश



काठमाडौं/रियालिटी शो 'कमेडी च्याम्पियन'मा सहभागी भएर चर्चामा आएका कलाकारहरुको फिल्ममा उपस्थिति बढ्दो छ । सुमन कार्कीले 'दिमाग खराब' र 'महाजात्रा'मा काम गरिसकेका छन् । सजन श्रेष्ठले फिल्म 'मेयर'बाट डेब्यू गर्दैछन् भने आदर्श मिश्रले फिल्म 'ह्रस्व दीर्घ'मा काम गरिसकेका छन् । त्यस्तै, पहिलो 'कमेडी च्याम्पियन'का विजेता हिमेश पन्तको पनि फिल्ममा व्यस्तता बढिरहेको छ ।

उनले डेढ वर्षअघि निर्देशक मिलन चाम्सको फिल्म 'वर एण्ड वधु'मा काम गरेका थिए । यो फिल्मको अझै केही प्रतिशत छायांकन बाँकी नै छ । यसपछि उनी फिल्म 'शमशेर'मा जोडिए । अब अर्को फिल्म 'ज्वाइँ साब'मा उनले अभिनय गर्ने भएका छन् । बुधबार फिल्मका निर्देशक बसन्त निरौलाले उनीसँग कागजी सम्झौता गरेका हुन् । फिल्ममा हिमेशको कमेडी भूमिका हुने जनाइएको छ ।

फिल्ममा यसअघि जितु नेपाल र नीति शाह मुख्य भूमिकामा अनुबन्ध भइसकेका छन् । आगामी बैशाख १५ गतेदेखि छायांकन सुरु हुन लागेको फिल्ममा राज कुमार पण्डित, मीना देवी खड्का, सौगात पण्डित र पदम तामाङ निर्मातामा छन् भने पोस्टर डिजाइनर विजय बस्याल कार्यकारी निर्माता हुन् । यसमा सविन अधिकारीको कथा र शंकर धितालको पटकथा तथा संवाद लेखन रहेको छ ।

# साम्राज्ञीलाई ७ महिना कुरेर बनेको 'लण्डन टू पेरिस'




काठमाडौं/अभिनेत्री साम्राज्ञी आरएल शाहको डेब्यू जति सुखद् भयो, त्यसपछिको यात्रा सहज देखिएको छैन । उनका एकपछि अर्को फिल्म असफल भइरहेका छन् । अभिनयमा पनि उनको परिपक्वता देखिन सकेको छैन । अब उनको ठूलो आशा आगामी फिल्म 'लण्डन टू पेरिस'मा छ, जुन आगामी जेठ २५ गतेबाट प्रदर्शन हुँदैछ । यसमा उनको जोडी नव-अभिनेता निश्चल खड्कासँग बाँधिएको छ ।

निर्देशक घनश्याम लामिछाने फिल्मका लागि साम्राज्ञीलाई ७ महिना कुरेको बताउँछन् । मंगलबार गीत रिलिज कार्यक्रममा उनले भने, 'फिल्ममा सही 'कास्ट' भएन न कलाकारलाई राम्रो हुन्छ न मेकरलाई । यो रोलका लागि मैले साम्राज्ञीलाई ६/७ महिना कुरेको थिएँ । सही 'कास्ट' हुनुपर्छ भनेरै साम्राज्ञी र निश्चलको जोडी लिएका हौं । र, नयाँ जोडी फिल्म क्षेत्रले पाउँछ भन्नेमा म विश्वस्त छु ।'

फिल्ममा नयाँ शैलीको प्रेमकथा रहेको घनश्यामको जिकिर छ । र, फिल्मको सबैभन्दा सक्षम पक्ष उनलाई कन्टेन्ट लाग्छ । 'मलाई एउटा लेभलको कन्फिडेन्ट छ कि फिल्मले दर्शकको मन जित्नेछ,' उनी अगाडि भन्छन्, 'यो फिल्मको सबैभन्दा सक्षम पक्ष कन्टेन्ट हो । त्यसलाई जीवन्त उतार्न मलाई सजिलो भयो । किनकि, राम्रो स्क्रिप्ट भयो भने त्यसलाई उतार्न सहज हुन्छ भन्ने मलाई लाग्छ ।'

फिल्मको मेकिङलाई उनी अहिलेसम्मको स्तरीय मान्छन् । 'यो लेभलको मेकिङ नेपाली फिल्ममा सायदै देखिएको होला । कन्टेन्ट र प्रस्तुतिकरणको मीठो समायोजन छ यसमा । यो एउटा म्यूजिक लभस्टोरी हो,' निर्देशक लामिछानेले भने । 'लण्डन टू पेरिस'को अधिकांश छायांकन लण्डनमा भएको हो । त्यहाँ कानुनी रुपमा नै अनुमति लिएर फिल्मको छायांकन गरिएको उनको भनाई छ ।

# पौने २ करोडको डम्पिङ साइडमा दुइटा खाल्डा मात्रै

बाजुरा/बाजुराको बूढीनन्दा नगरपालिकामा पौने २ करोडभन्दा बढी लगानी गरेर दुइटा खाल्डाको डम्पिङ साइड बनाइएको छ । आर्थिक वर्ष ०७५/७६ मा नगरपालिकाको वडा नम्बर ७ मा रहेको खड्काबाडा गाउँमाथिको वनमा डम्पिङ साइड बनाइएको थियो ।

डम्पिङ साइडको नाममा दुइटा खाल्डा मात्रै बनाउन नगरपालिकाले १ करोड ८९ लाख ५५ हजार रुपैयाँ लगानी गरेको छ । त्यही पनि प्रयोग हुन नसकेपछि नगर पालिकाले वडा नम्बर १ मा फेरि अर्को बनाउने तयारी थालेको छ ।

करिब ४ वर्षअघि उक्त डम्पिङ साइड बनाउँदा नै स्थानीयबासीले विरोध गरेका थिए । डम्पिङ साइड निर्माणका लागि लागेको ठेक्का पनि मिलेमतोमा भएको आरोप स्थानीयको छ । हन्डिक इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्सट्रन्सन प्रालिले डम्पिङ साइड निर्माणको ठेक्का पाएको थियो ।

डम्पिङ साइड निर्माणका बेला मेयर नेपाली कांग्रेसबाट निर्वाचित पदमकुमार गिरी थिए । अहिले एमालेबाट निर्वाचित जनककुमार बोहोरा मेयर छन् ।

मेयर बोहोरा डम्पिङ साइडको नाममा खाडल मात्रै खनिएको र गाउँभन्दा माथि बनाइएकाले त्यसलाई प्रयोग गर्न नसकिने बताउँछन् । उनी भन्छन्, 'हामीले त्यो बेला नै उपयुक्त ठाउँ होइन भनेर विरोध गरेका थियौं । त्यसमाथि यसको काम पूर्ण भएको पनि छैन ।' फोहोर व्यवस्थापनका लागि उक्त ठाउँ उपयुक्त नभएरै नगरपालिकाले अहिले वडा नम्बर १ मा डम्पिङ साइड बनाउन अध्ययन गरिरहेको बोहोराले बताए ।

उनले भने, 'एकातिर गाउँभन्दा थोरै माथि छ । अर्को त्यो धार्मिक क्षेत्र पनि भएकाले त्यसलाई प्रयोग गर्न सकिंदैन ।' स्थानीय धनबहादुर खड्काले दुइटा खाल्डाको लागि मात्रै यति ठूलो खर्च गर्दा बजेटको चरम दुरुपयोग भएको बताउँछन् । 'यो हामीले विरोध गर्दागर्दै जबरजस्ती बनाइएको हो,' उनले भने, 'नगर पालिकाका तत्कालीन जनप्रतिनिधि, कर्मचारी र ठेकेदारले यसमा ठूलो रकम हिनामिना गरेको काम हेर्दै थाहा हुन्छ ।'

फोहोर मैला व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिइएको छ । फोहोर व्यवस्थापनको लागि डम्पिङ साइड बनाउनुअघि स्थानीयको सहमति र वातावरणमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने फोहारमैला व्यवस्थापन ऐनमा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# मानव बेचबिखनको आरोपमा गाउँपालिका अध्यक्ष पक्राउ



काठमाडौं/मानव बेचबिखनको आरोपमा गाउँपालिकाका अध्यक्ष पक्राउ परेका छन् । पक्राउ पर्नेमा रसुवाको नौकुण्ड गाउँपालिका-१ का ५२ वर्षीय नुर्वु घले भन्ने नुर्बु स्याङबो घले रहेका छन् ।

उनलाई मानव बेचविखन ब्यूरोको टोलीले बुधबार बबर महलबाट पक्राउ गरेको हो ।

पक्राउ परेका उनीमाथि काठमाडौं जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता एसपी ज्ञानेन्द्र प्रसाद फुयालले बताए ।

एसपी फुयाँलका अनुसार आर्थिक अवस्था कमजोर भएकी पीडितलाई कुवेतमा मासिक २८ हजार तलब दिने काममा लगाइ दिने भन्दै मिलेमतोमा भारतको नयाँदिल्लीमा पुर्‍याएको र उक्त स्थानबाट भिजिट भिसामा श्रीलंकाको कोलम्वोमा प स्थानीय एजेन्टलाई जिम्मा लगाएको खुल्न आएको छ ।

घटनामा संलग्न अन्य अभियुक्तहरुको खोजीकार्य भइरहेको प्रहरीले जनाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# संस्कृति जोगाउन हेटौंडामा ताम्बा

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ हेटौंडा उपमहानगरपालिकाले नगरमा रहेको तामाङ समुदायको संस्कृति जगेर्ना गर्ने उद्देश्य सहित ताम्बा संस्कार तालिम सञ्चालन गरेको छ ।

नयाँपुस्तामा संस्कृति हस्तान्तरण गर्ने उद्देश्यअनुरुप सञ्चालन भएको तामाङ समुदायमा ताम्वा संस्कार तालिमको उपमहानगर प्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । जातीय पहिचानसहित संस्कृति संरक्षणका लागि सञ्चालन गरिएको तालिम तीन दिनसम्म सञ्चालन हुनेछ । तालिममा सहभागीलाई तामाङ समुदायले लगाउँने मौलिक पोशाक समेत हस्तान्तरण गरिएको थियो ।

तालिममा सहभागीले पोशाक लगाएर ताम्बा तथा डम्फु सेलोको प्रशिक्षण लिने कार्यक्रमका संयोजक ताराबहादुर भोम्जनले जानकारी दिए । तालिमको उद्घाटन गर्दै नगरप्रमुख लामाले नगरक्षेत्रमा रहेका बिभिन्न जातजातिको धर्म संस्कृतिको जगेर्ना गर्ने काममा लागेको बताइन् । संस्कृतिको पहिचानले मात्र



मानिसलाई चिनाउँने भन्दै उनले पहिचान मेटाउने काममा लाग्न नहुँने बताइन् । नगरको विकासका लागि सास्कृतिक पहिचान आवश्यक भएको भन्दै युवा पुस्ताले पहिचानको संरक्षण गर्न जरुरी रहेको उनको भनाई थियो ।

कार्यक्रममा हेटौंडा-१४ का अध्यक्ष दीपक खड्काले करिब ८५ प्रतिशत तामाङ समुदायको बसोबास रहेको क्षेत्रबाट संस्कृतिको संरक्षण गर्न जरुरी रहेको बताए । उनले संस्कार मूल्यमान्यता जोगाउँदै विकासको गतिमा अघि बढ्न जरुरी रहेको बताए । तामाङ समुदायको पहिचान जोगाउँनका लागि नगर र वडाले काम गरिररहेको भन्दै पछिल्लो समय वडामा ३ वटा गुम्बा निर्माण गरेको जानकारी दिए ।

छोर्वा बोम्बो तथा डम्फु सेलो व्यवस्थापन उपभोक्ता समितिका अध्यक्ष सार्कीमान हिम्दुङ्को अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरका समाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, वडासदस्यहरु वीनाकुमारी थिङ लामा, श्यामकुमार भोलन, १४ नम्बर वडासचिव सीताराम रिमाल, तालिमका प्रशिक्षक मदन थिङको आतिथ्यता रहेको थियो ।

# नेकपा(एस)को अधिवेशनका

बुधबार पार्टी मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहालको अध्यक्षतामा बसेको जिल्ला कमिटीको बैठकले अधिवेशन सफलतापूवर्क सम्पन्न गर्न विभिन्न उपसमिति गठन गरेको छ ।

अधिवेशनको आवश्यक तयारीका लागि विष्णुप्रसाद दाहालको संयोजकत्वमा जनपरिचालन उपसमिति र प्रतिवेदन तयारी उपसमिति, ध्रुवबहादुर भुजेलको संयोजकत्वमा प्रतिनिधि व्यवस्थापन उपसमिति र आर्थिक उपसमिति, कविन पन्तको संयोजकत्वमा हल तथा मञ्च व्यवस्थापन उपसमिति,

कमिटी सदस्य एवम् पूर्वस्वास्थ्यमन्त्री विरोध खतिवडा, केन्द्रीय सदस्य एवम् मकवानपुर इन्जार्ज मुनु सिग्देल, केन्द्रीय सदस्य राजाराम स्याङ्तान, पार्टी बागमती प्रदेश समितिका सचिव समेत रहेका बागमती प्रदेश सरकारका श्रम, रोजगार तथा यातायात मन्त्री, पार्टी केन्द्रीय सदस्य एवम् हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, पार्टी केन्द्रीय परिषद् सदस्य यादव गजुरेल लगायतको आतिथ्यता थियो ।

# जागरण सहकारीको रजत महोत्सव



देवकोटा, बद्रीप्रसाद लम्साल, बिदुर हुमागाईं, कल्पना श्रेष्ठ, सुलोचना स्याङ्तान, निर्मला लम्साल, रामजी सापकोटा, हरिप्रसाद अधिकारी, खीलाप्रसाद चौलागाई, हरिप्रसाद कंडेल र कृष्णबहादुर विडारीलाई सम्मानपत्रका साथ सम्मान गरिएको थियो ।

यसैगरी सञ्चारकर्मी श्रीराम अर्जुन र सुरेश श्रेष्ठलाई सञ्चारमाध्यमबाट सहकारी अभियानमा सक्रिय सहभागिता वर्ष पूरा भएका ज्येष्ठसदस्य हेमकुमारी तिमल्सिना, दुर्गादेवी न्यौपाने र कान्छीमाया लामालाई सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष कल्पना श्रेष्ठको सभाध्यक्षता तथा बागमती प्रदेश खानेपानी, सिँचाई तथा उर्जामन्त्री एकालाल श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै बागमती प्रदेशका खानेपानी उर्जा तथा सिंचाइमन्त्री श्रेष्ठले गाउँभन्दा सहरको सहकारीमा वित्तीय संकट बताउँदै सरकारले नियमित नियमन गर्नुपर्ने बताए ।

मन्त्री श्रेष्ठले अहिलेको समय यो वर्षको बजेट कार्यान्वयन र नयाँ बजेट बनाउने चरणमा रहेको बताउँदै आगामी बजेट कार्यान्वयन हुने खालको बनाउने बताए । कार्यक्रममा संस्थाको स्मारिका समेत विमोचन गरेको थियो । र जतजयन्तीको अवसरमा संस्थाले सहकारी स्थापनाको समयका संस्थापक सदस्यलाई सम्मान गरेको थियो ।

# सरकारी काम गर्ने तरिका बदल्नुपर्ने मुख्यमन्त्रीको जिकिर

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले काम गर्ने पुरानो शैलीले वर्तमान आवश्यकता पुरा नहुने भन्दै यसलाई बदल्नुपर्ने जिकिर गरेका छन् ।

बुधबार हेटौंडामा भएको संघीयता सुदृढीकरण तथा संविधान कार्यान्वयन विषयक कार्यशालालाई सम्बोधन गर्दै उनले काम गर्ने शैली बदल्नुपर्नेमा जोड दिएका हुन् । सरकारी काम पुरानो पञ्चायती शैलीमा भइरहेको पनि टिप्पणी गरे । समयको माग आवश्यकतामा आधारित काम गर्नुपर्ने भएपनि काम गर्ने शैली पञ्चायतकालीन भएको उनको दाबी थियो । राज्यको लगानी प्रतिफल नदिने क्षेत्रमा प्रयोग गर्न नहुने उल्लेख गरे ।

जम्कट्टेलले ५ वर्षमा खाद्यान्नमा आत्मनिर्भर हुने गरी प्रदेश सरकारले नीति बनाएको दाबी समेत गरेका छन् । सरकारको नेतृत्व परिवर्तन भएपनि सबैले निराशा नभई उत्साहित ढंगले नै काम गर्नुपर्ने मुख्यमन्त्री जम्कट्टेललेको भनाई छ । जिल्ला समन्वय समितिको कामलाई प्रभावकारी बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको उनले बताए । उनले अब ढुंगा, गिट्टी, बालुवाको कर प्रदेश सरकारले नलिने पनि स्पष्ट पारे ।

मुख्यमन्त्री जम्कट्टेलले समन्वय समितिलाई नीतिमा काम गर्ने निकायको रुपमा स्थापित गर्नुपर्नेमा जोड उनको थियो । जिल्ला समन्वय समितिले बनाउने ऐनहरुमा प्रदेश सरकार बाधक नबन्ने समेत उनले स्पष्ट पारे । कार्यशालामा जिल्ला समन्वय समिति महासंघका महासचिव अशोककुमार घिमिरे र उपमहासचिव दीपक गौतमले समन्वय समितिले प्रभावकारी ढंगले काम गर्ने वातावरण हुनुपर्ने बताएका छन् । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख एवम् महासंघ बागमती प्रदेश अध्यक्ष ललितबहादुर घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रदेश अन्तर्गतका जिल्लाका समन्वय समितिका प्रमुख, उपप्रमुखहरुको आतिथ्यता रहेको थियो ।

# हेटौंडाको ९ नम्बर वडा कार्यालय आफ्नै भवनमा

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ हेटौंडा उपमहानगरपालिकाको ९ नम्बर वडा कार्यालय अब आफ्नै भवनबाट सञ्चालन हुने भएको छ । बुधवार ९ नम्बर वडा कार्यालयको नवनिर्मित भवनको उद्घाटन गरिएको छ ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले संयुक्तरुपमा ६ कोठे भवनको उद्घाटन गरेका छन् । कार्यक्रममा बोल्दै नगरप्रमुख लामाले भवन जति सुन्दर छ त्यसैगरी सेवाप्रवाह पनि सहज र सुन्दर तरिकाले दिन निर्देशन दिइन् । उपमहानगरले सबै वडा कार्यालयको भवन निर्माण गर्ने अभियान थालेको उनले बताइन् । नागरिकलाई आत्मसात् गरेर वडा कार्यालयले जिम्मेवारीपूर्ण ढंगले काम गर्नुपर्नेमा उनले जोड दिइन् ।

लामाले चालु आर्थिक वर्षमै ९ नम्बर वडावासीलाई गुणस्तरीय स्वास्थ्यसेवा प्रदान गर्नको लागि स्वास्थ्यकेन्द्रको भवन निर्माण गर्ने प्रतिबद्धता समेत व्यक्त गरिन् । त्यसैगरी कार्यक्रममा उपप्रमुख बानियाँले नवनिर्मित भवनबाट जनताले विगतको भन्दा गुणस्तरीय सेवा पाउनेमा विश्वास व्यक्त गरे । ९ नम्बर वडाले विकासमा फड्को मारेको समेत उनले जिकिर गरे । उपप्रमुख बानियाँले जनताको मन र मतको अपमान नहुने गरी काम गर्ने समेत बताए ।

६७ लाख रुपैयाँ बजेटमा निर्माण गरिएको कार्यालयबाट अब सहज सेवाप्रवाह गर्न सकिने वडाअध्यक्ष सुकराम केसीले बताए । कार्यक्रममा विभिन्न निर्माण कम्पनी तथा उपभोक्ता समितिलाई सम्मान गरिएको थियो । कार्यक्रममा उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरी, वडाअध्यक्षहरु, टोल विकास संस्थाका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

# जनप्रतिनिधि र शिक्षकका छोराछोरी सामुदायिकमा पढाउनै पर्ने निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाको दुई नम्बर वडा कार्यालयले जनप्रतिनिधि र शिक्षकका छोराछोरीलाई सामुदायिक विद्यालयमा अनिवार्य पढाउनुपर्ने निर्णय गरेको छ ।

वडाअध्यक्ष एवम् वडा शिक्षा समितिको अध्यक्ष बमबहादुर सिन्तानको अध्यक्षतामा मंगलबार बसेको बैठकले आगामी शैक्षिकसत्र देखि वडाका जनप्रतिनिधि तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकले आफ्ना छोराछोरी अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउनुपर्ने निर्णय गरेको हो ।

'सामुदायिक विद्यालयको गुणस्तर वृद्धि भएन भनेर मात्रै हुँदैन । जनप्रतिनिधि र शिक्षकले नै आफ्ना छोराछोरीलाई पढाएपछि विद्यालयको अवस्था बदलिन्छ,' वडाध्यक्ष सिन्ताले भने । सामुदायिक विद्यालयको खस्किँदो शैक्षिक गुणस्तर सुधार्नका लागि वडा शिक्षा समितिको बैठकले यो निर्णय गरेको अध्यक्ष सिन्तान बताउँछन् । बैठकले अन्य सरकारी तथा गैरसरकारी कार्यालयमा कार्यरत् कर्मचारीलाई पनि आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा भर्ना गर्न अनुरोध गर्ने निर्णय भएको सिन्तानले जानकारी दिए । संघीय शिक्षा ऐन र थाहानगर शिक्षा ऐनमा वडा शिक्षा समितिमा वडाअध्यक्ष संयोजक, वडासदस्य १ जना, वडाको उच्चतम विद्यालयका प्रधानाध्यापक १ जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्षमध्येबाट १ जना, शिक्षा प्रेमीमध्येबाट २ जना र वडासचिव सदस्यसचिव सहित ७ सदस्य रहने प्रावधान छ ।

२ नम्बर वडामा अध्यक्ष सिन्तानसहित, वडासदस्य युवराज बिष्ट, मत्स्यनारायण माविका प्रअ बिष्णुहरि ढकाल, विव्यस अध्यक्षमध्येबाट वीरबहादुर तामाङ, शिक्षाप्रेमी दीपेन्द्रराज प्रधान, जानुका ढकाल र सदस्यसचिव दिनेश महर्जन छन् ।

यसैगरी, थाहा नगर पालिका, मोरियास्थित इन्द्रायणी माध्यमिक विद्यालयले शतप्रतिशत नि:शुल्क शिक्षा लागू गर्ने निर्णय गरेको छ । विद्यालय व्यवस्थापन समितिका नवनिर्वाचित अध्यक्ष हेमकुमार थिङको अध्यक्षतामा बसेको बैठकले सबै कक्षाको पढाइमा नि:शुल्क गर्ने निर्णय गरेको हो । कानूनत: विद्यालय शिक्षा नि:शुल्क घोषणा गरेपनि सामुदायिक विद्यालयहरुले परीक्षा शुल्क, अतिरिक्त कक्षा शुल्कलगायतको शीर्षकमा शुल्क लिँदै आएका छन् ।

# हेटौंडाका निश्चल बने ट्याटु सम्मेलनमा 'बेष्ट अफ द शो'

हेटौंडा, २८ चैत/ हेटौंडाका ट्याटु आर्टिष्ट निश्चल श्रेष्ठ ललितपुरको हेरिटेज गार्डेनमा भएको ११ औँ नेशनल ट्याटु सम्मेलनमा 'बेष्ट अफ द शो' घोषित भएका छन् ।

काठमाडौंमा तीन दिनसम्म सञ्चालन भएको सम्मेलनमा हेटौंडाका निश्चलले नेवारी परम्परा अनुसार गणेशका ट्याटु खोपेर कला प्रदर्शन गरेका थिए । सम्मेलनमा नेपालका साथै विदेशका ट्याटु आर्टिष्टको सहभागिता रहेको थियो । सम्मेलनमा ट्याटु आर्टिष्टले विभिन्न प्रकारका ट्याटु खोपेर कला प्रदर्शन गरेका थिए । श्रेष्ठले विगत १० वर्षदेखि ट्याटु खोप्ने काम गरिरहेका छन् ।

# प्रदेशका ६ स्थानीय तहसँग चमेरो चिउरी संरक्षणका लागि सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ बागमती प्रदेश सरकारले चमेरो चिउरी संरक्षण कार्यक्रम लागू गर्न ६ वटा स्थानीय तहसँग सम्झौता गरेर काम अगाडि बढाएको छ ।

सामाजिक विकास मन्त्रालयले बुधबार एक कार्यक्रमको आयोजना गरी तीन जिल्लाका ६ वटा स्थानीय तहसँग कार्यक्रम सञ्चालनका लागि सम्झौता गरेको हो । मकवानपुरको राक्सिराङ गाउँपालिका, चितवनको राप्ती नगर पालिका, कालिका नगरपालिका र इच्छाकामना गाउँपालिका तथा धादिङको गजुरी र बेनिघाटरोराङ गाउँपालिकामा यस कार्यक्रम लागू हुने सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख गोपालप्रसाद कँडेलले जानकारी दिए ।

प्रदेश सरकारले प्रतिपालिका ७ लाख ७५ हजार रुपैयाँ उपलब्ध गराउने गरी ५० लाख बजेट विनियोजन गरेको छ । सम्बन्धित पालिकाको २० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन हुनेछ ।

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट




Ready To Eat
हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

